# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ०३

### नेपाल मेडिकल काउन्सिल (छैटौं संशोधन) नियमावली, २०८३

नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल मेडिकल काउन्सिल (छैटौं संशोधन) नियमावली २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम ८ मा संशोधन** : नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम ८ को,-

(१) उपनियम (१७) को सट्टा देहायको उपनियम (१७) राखिएको छ :-

"(१७) संवत् २०८२ साल चैत १२ गते भन्दा अघि नियुक्त भई बहाल रहेका रजिष्ट्रारको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए तापनि यो उपनियम प्रारम्भ भएपछि त्यस्तो रजिष्ट्रार आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछ ।"

(२) उपनियम (१७) पछि देहायको उपनियम (१८) थपिएको छ :-

"(१८) उपनियम (१७) बमोजिम पदमुक्त रजिष्ट्रारलाई नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ ।"

**आज्ञाले,**

**डिल्लीराम शर्मा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार